१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY




वर्ष-१७ ।। अङ्क : ९१ ॥ २०८२ वैशाख २६ गते शुक्रबार (9th May 2025 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# भारतलाई नेपालको बलियो समर्थन

झापा(प्रस) । नेपाल सरकारले भारत-पाकिस्तान तनावबारे आधिकारिक धारणा सार्वजनिक गरेको छ। परराष्ट्र मन्त्रालयले बिहीबार प्रेस विज्ञप्ति जारी गरेर आतंकवादविरुद्ध नेपाल सरकारको दृढ अडान रहेको उल्लेख गरेको छ।

'नेपालले सबै प्रकारका आतंकवादविरुद्ध दृढ अडानस्वरुप बर्बर आतंकवादी आक्रमणको तत्काल र स्पष्टरूपमा निन्दा गर्दै आएको छ। आतंकवादविरुद्धको लडाईंमा नेपाल सबैको साथमा उभिएको छ,' विज्ञप्तिमा भनिएको छ। सरकारले गत २२ अप्रिलमा भारतको पहलगाममा एक नेपालीसहित निर्दोष पर्यटकमाथि आतंकवादी आक्रमण भएको र त्यसले सिर्जित भारत र पाकिस्तानबीचको तनावप्रति नेपाल सरकार गहिरो चिन्तित रहेको जनाएको छ। 'उक्त दुःखद समयमा पनि नेपाल भारतको साथमा उभिएका थियो। आतंकवादविरुद्ध हाम्रो बलियो साथ छ,' विज्ञप्तिमा भनिएको छ।

सरकारले नेपाली भूमिलाई छिमेकी देशहरूविरुद्ध प्रयोग हुन नदिने पनि बताएको छ। 'नेपालले कुनै पनि शत्रुतापूर्ण शक्तिलाई आफ्नो भूमि छिमेकी देशहरूविरुद्ध प्रयोग गर्न दिने छैन,' विज्ञप्तिमा भनिएको छ।

सरकारले भारत र पाकिस्तानबीचको तनाव कम होस् भनेर आशा पनि गरेको छ। ' हामी यस क्षेत्रमा शान्ति चाहन्छौं। भारत-पाकिस्तानबीचको तनाव कम हुने आशा छ,' विज्ञप्तिमा भनिएको छ।

भारतको पहलगाममा एक नेपालीसहित २६ जनाको ज्यान जानेगरी भएको आतंकवादी आक्रमणपछि भारतले पाकिस्तानमाथि हवाई आक्रमण गरेको हो। अपरेसन सिन्दुर नाम दिइएको आक्रमणमामा २६ जनाको मृत्यु भएको थियो। जसमा जैश-ए-मोहम्मदका प्रमुख मसूद पनि रहेका छन्।

**नेपालका अन्तर्राष्ट्रिय उडान प्रभावित**

लडाकु सैन्य विमानबाट भारत र पाकिस्तानबीच आक्रमण सुरु भएपछि दक्षिण एशियाली आकाशमा तनाव देखिएको छ । यसको असर बुधबार यता युरोप र मध्यपूर्वबाट नेपाल आउने उडानमा पनि परेको छ ।

युरोप-एशियामा पर्ने टर्की अनि मध्यपूर्वको कतार, दुबई, कुबेत, साउदी अरबलगायतका मुलुकका सहरबाट नेपाल आउने दैनिक १५ र फर्किने पनि १५ हाराहारी उडान प्रभावित भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ ।



'टर्की र मध्यपूर्वी मुलुकहरुबाट नेपाल आउने उडान कम्तीमा १ घण्टादेखि बढीमा २ घण्टासम्म ढिलो भइरहेका छन्', विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले भने,'टर्कीको इस्तानबुलबाट काठमाडौं आउने टर्किस एयरलायन्सको जहाजले नेपाल आउँदा १ घण्टा बढी समय लगाउन थालेको छ भने काठमाडौंबाट फर्किंदा झण्डै २ घन्टा बढी सयम लगाउन थालेको छ ।' त्यस्तै मध्यपुर्वी मुलुकहरु कतार, दुबई, साउदी अरब, कुवेतबाट नेपाल आउजाउ गर्ने वायुसेवाहरुका उडान १ घन्टा बढी उडान समय लगाउन थालेका छन् ।

हाल मध्यपूर्वबाट नेपालमा कतार एयरवेजले कतारबाट, फ्लाई दुबईले दुबई, जजीरा र कुवेत एयरवेजले कुवेत, एयर अरेयिबायले शारजहा र दुबईबाट नेपालमा उडान गर्दै आइरहेका छन् । त्यस्तै नेपालबाट हिमालय एयरलायन्सले साउदी अरब, दोहा, कुबेत र नेपाल वायुसेवा निगमले दोहा, दुबई र साउदी अरबको दमाममा उडान गर्छन् । यी वायुसेवाले पहिले इरान, अफगानिस्तान, पाकिस्तान हुँदै दिल्लीको हवाई रुट प्रयोग गर्थे । नेपाल आहोरदोहोर गर्न यो रुट छोटो थियो । तर भारतले पाकिस्तानमा आक्रमण गरेपछि विमान कम्पनीहरु कतारबाट दुबई, ओमन हुँदै अरवियन सागरको बाटो हुँदै भारतको मुम्बई हुँदै नेपाल आउने/जाने गर्न थालेका छन् । यो झण्डै एक घण्टा लामो हवाई रुट हो । नेपालबाट फर्किने जहाजहरु दिल्ली हुँदै पाकिस्तानको आकाश प्रवेश गर्नुनपर्ने भएपछि भैरहवाको हवाई रुटबाट ननिस्केर सिमराबाट निस्केर लखनउ हुँदै मुम्बईको आकाशबाट अरबियन सागरतर्फको हवाई रुटमा उड्न थालेका छन् ।

'टर्की र मध्यपूर्वीबाट ओहोरदोहोर गर्ने विमानले अफगानिस्तान र पाकिस्तानको आकाशको बाटो प्रयोग गर्थे,' काठमाडौं विमानस्थलमा कार्यरत एक विदेशी वायुसेवाका स्टेसन म्यानेजरले भने,'भारतले आक्रमण गरेपछि बुधबारदेखि उडानहरुले हवाई रुट बदलेका छन् । यसका कारण नेपाल ओहोरदोहोर गर्ने हवाईमार्ग कम्तीमा १ देखि २ घण्टा लामो भएको छ ।'

उडानको समय बढ्दा कम्तीमा ३ लाख रुपैयाँदेखि साढे ६ लाख रुपैयाँसम्मको अतिरिक्त हवाई इन्धन खर्च हुने गरेको एक विदेशी वायुसेवा कम्पनीका नेपाल प्रमुखले बताए । 'अहिले नेपालबाट फर्किने न्यरोबडी जहाजले एक घण्टाका लागि अतिरिक्त कम्तीमा २ लाख रुपैयाँ हाराहारी र वाइडबडी विमानले ३ लाख रुपैयाँको हवाई इन्धन लिएर उड्नुपरेको छ,' उनले भने, 'यसबाहेक भारतको आकाशमा पनि पहिलेको दाँजोमा एक घण्टा बढी समय उड्दा हवाई रुटको भाडामा पनि अतिरिक्त भार पर्ने देखिन्छ ।'

नेपालमा उडान गर्ने वायुसेवाहरुले उडान कटौती भने गरेका छैनन् । 'उडान थपघट केही भएको छैन', काठमाडौं विमानस्थल प्रमुख निरौलाले भने,'भारत र पाकिस्तानको युद्धबारे समाचार सार्वजनिक भएपछि बुधबार सबै विदेशी वायुसेवाका प्रतिनिधिहरुसँग बैठक भएको छ । वायुसेवाका प्रतिनिधिहरुले उडान समय वृद्धिबाहेक समस्या तत्काल नदेखिएको भनेका छन् ।'

नेपालबाट विदेश जाने यात्रुहरुको तेस्रो मुलुक जानुपर्ने कनेक्टीङ उडानमा ढिलाई भइरहेको छ । तर, वायुसेवा कम्पनीहरुले जहाज छुट्ने यात्रुहरुलाई अतिरिक्त शुल्क नलिई उडानमा व्यवस्थापन गरिरहेको काठमाडौं विमानस्थललाई जानकारी गराएका छन् ।

अहिले एशियाबाट युरोप जाने/फर्किने वायुसेवाहरुको मध्यपूर्वका ओमन, यूएई र कुवेतको आकाशमा चाप छ । रोयटर्सका अनुसार, भारत र पाकिस्तान दुबैले एकअर्काका मुलुकबाट उड्ने वायुसेवालाई रोक लगाएपछि अन्य मुलुकका वायुसेवाहरु पाकिस्तानको आकाश भएर बनाइएका हवाई रुट प्रयोग गरीरहेका छैनन् । पाकिस्तानले आफ्नो आकाशमा व्यावसायिक उडानलाई पूर्ण रुपमा रोक लगाउने घोषणा बुधबारसम्म गरेको छैन । भारतको आक्रमणपछि बन्द पाकिस्तानका विमानस्थल र हवाई क्षेत्र खुला भइसकेको रोयटर्सले जनाएको छ ।

कतार एयरवेजले भारतको अमृतसर र पाकिस्तान जाने सबै उडान अर्को निर्णय नभएसम्मका लागि रद्द गरेको जनाएको छ । त्यस्तै डच एयरलायन्स केएलएम र सिंगापुर एयरलायन्सले मंगलबारदेखि पाकिस्तानको हवाई क्षेत्र प्रवेश नगरी उडानहरु सुचारु गरिरहेका छन् । कोरियन एयरले सोल-दुबई उडानको रुट भारतबाट बदलेको छ ।


# जलथल वनका उपभोक्ताहरुलाई वन संरक्षणसम्बन्धी जनचेतना

झापा(प्रस) । जलथल सव डिभिजन वन कार्यालयको आयोजनामा जलथल वनअन्तर्गतका वन उपभोक्ताहरुलाई वन संरक्षणसम्बन्धी जनचेतना प्रदान गरिएको छ । कचनकवल गाउँपालिका १ स्थित लक्ष्मी आधारभूत विद्यालयमा बुधवार वन संरक्षण जनचेतना कार्यक्रमअन्तर्गत वृत्तचित्र प्रदर्शन गरिएको हो । पूर्वेली कलाकार संघका अध्यक्ष कसम खवासले निर्माण गरेको वृत्तचित्र प्रदर्शन गरिएको हो । ५६ मिनेटको सो वृत्तचित्रमा वन डढेलो , वन अतिक्रमण , काठ चोरी तस्करीलगायतका समस्याप्रति उपभोक्ताहरु जागरुक हुनुपर्ने देखाइएको छ । डिभिजन वन कार्यालय झापाको समन्वयमा मेची , कन्काई र बाहुनडाँगी सव डिभिजनअन्तर्गतका वन उपभोक्ताहरुलाई पनि सो वृत्तचित्र देखाइने पूर्वेली कलाकार संघका अध्यक्ष खवासले जानकारी दिए ।

देउराली सामुदायिक वन समूहका अध्यक्ष कृष्णप्रसाद न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा सहायक वन अधिकृत कुमार कार्की , अधिकृत सोनाम लामा , वन रक्षक जितेन सिलुङ, लक्ष्मीस्थान सामुदायिक वनका हरिबहादुर बुढाथोकी , रामबहादुर कार्की , साधुप्रति सामुदायिक वनका खेमराज ढुंगाना , मनकामना सामुदायिक वनका इन्द्रबहादुर सुवेदी, विशाल सामुदायिक वनका भीमबहादुर तामाङ, कृष्ण गिरी , दियालो सामुदायिक वनका पदमबहादुर तामाङ, दशरथपुर सामुदायिक वनका अनिश घिमिरे , दिपज्योति सामुदायिक वनका विरेन राई , शिव लिम्बू , पाथिभरा सामुदायिक वनका प्रेम फागो ,दुर्गाभिट्टा सामुदायिक वनका प्रेमप्रसाद ढुंगाना , विक्रम कट्टेल , अभिमुक्तेश्वर सामुदायिक वनका डम्बर अधिकारी , राम अधिकारी , त्रिवेणी सामुदायिक वनका दधिराम घिमिरे , मनकुमार अधिकारी , पूर्व देउराली सामुदायिक वनका आइन्द्रकुमार चौहान, हान्तिबहादुर भट्टराई , देउराली चारकोशे सामुदायिक वनका दलबहादुर तामाङ, निर्मलकुमार तामाङ, सुरवीर तामाङलगायतको सहभागिता रहेको थियो ।

# शिवाकोटीलाई धरौटीमा थुनामुक्त गर्न उच्च अदालतको आदेश

झापा(प्रस) । घरेलु कामका लागि राखिएकी बालिकामाथि जबरजस्ती करणी गरेको आरोपमा पुर्पक्षका लागि थुनामा रहेका बिर्तामोडका पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटीलाई धरौटीमा छोड्न उच्च अदालतले आदेश दिएको छ । उच्च अदालत विराटनगरको इलाम इजलासले बिहीवार २० लाख रुपैयाँ धरौटी



लिएर शिवाकोटीलाई छोड्न आदेश दिएको हो । उच्च अदालत विराटनगर इलामका न्यायाधीश किरणकुमार पोखरेल र रेखा पाण्डे थापाको संयुक्त इजलासले सो आदेश दिएको हो । उच्चको सो आदेशपछि शिवाकोटी आइतवार थुनामुक्त हुने भएका छन् । बिहीवार कागजपत्र मिलाउन समय नपुगेको , शुक्रवार कानुन दिवस र शनिवार विदा परेकाले आइतवार थुनामुक्त हुने शिवाकोटीका तर्फबाट वकालत गर्दै आएका अग्रज कानुन व्यवसायी अशोक पोखरेलले बताए। यसअघि गत पुष २२ गते झापा जिल्ला अदालतले शिवाकोटीलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो । जबरजस्ती करणी गरेको आरोपमा पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएपनि शिवाकोटी ५ महिनादेखि बीएण्डसी अस्पतालमै छन् । त्यसअघि २४ मंसिरमा पक्राउ परेदेखि नै शिवाकोटी अस्पतालमा बस्दै आएका थिए ।

जिल्ला अदालतले उनको स्वास्थ्य अबस्था ख्याल गर्न आदेश दिएपछि उनी एकदिन पनि कारागार गएनन् । जिल्ला अदालतको आदेशविरुद्ध शिवाकोटीले पुष अन्तिममा बाहिरै बसेर मुद्धा लड्न पाउनेगरी उच्चमा ७३ नं निवेदन दिएका थिए । उच्च अदालतको सो आदेशप्रति पीडित बालिकाको परिवारले आपत्ति जनाएका छन् । उनीहरुले बलात्कारजस्तो जघन्य अपराधका अपराधीलाई न्यायालयले उन्मुक्ति दिनु उचित नभएको बताउँदै त्यस आदेशविरुद्ध माथिल्लो निकायमा जाने प्रतिक्रिया दिएका छन् । पूर्वी सीमा नाका काँकडभिट्टाबाट उद्दार गरिएकी १५ वर्षीया बालिकाको बयानका आधारमा प्रहरीले शिवाकोटीलाई गत मंसिर २४ गते पक्राउ गरेको थियो । सीमामा रहेर चेलिबेटी बेचबिखनविरुद्ध काम गरिरहेको संस्था आफन्त नेपालले शंकास्पद लागेर बालिकालाई सोधपुछ गरेको थियो ।त्यसक्रममा उनले आफू विर्तामोड नगरपालिकाका पूर्व प्रमुख शिवाकोटीको घरमा बस्ने गरेको तर, पटकपटक करणी गरेपछि भागेर हिँडेको बताएकी थिइन् ।

कलेज ड्रेसमै रहेकी उनले शिवाकोटीबारे बताएपछि संस्थाले इलाका प्रहरी कार्यालय धुलाबारी लगेको थियो । त्यहाँ महिला प्रहरीसँग पनि उनले त्यही अनुसारको बयान दिएपछि इलाका प्रहरी कार्यालय बिर्तामोड ल्याइएको थियो ।

बुबाआमा नभएका पीडितलाई घरको काम गरिदिने र पढाइदिने शर्तमा शिवाकोटीले घरेलु कामदारका रूपमा राखेका थिए । घरमा रहेका बेला आफूलाई करणी गरेको पीडितको प्रारम्भिक बयान थियो । त्यसपछि इलाका प्रहरी कार्यालय बिर्तामोडले उनलाई पक्राउ गरेको थियो ।

शिवाकोटी २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट बिर्तामोड नगरपालिकाको प्रमुखमा निर्वाचित भएका थिए ।

# मेची ग्यासको अभाव हुँदा उपभोक्ता आक्रोशित

झापा(प्रस) । ग्यास नपाएपछि मेची ग्यासका उपभोक्ताहरु आक्रोशित भएका छन् ।

करिव एक महिनादेखि फ्याक्ट्री मर्मत गरिरहेको मेचीनगर १४ स्थित मेची ग्यास इन्डष्ट्रीले उत्पादन आधा घटाएपछि बजारमा अभाव हुन गई उपभोक्ताहरु समस्यामा परेका हुन् ।

प्रतिदिन २२ सय सिलिण्डर आपूर्ति गर्दै आएको मेची ग्यासले अहिले प्रतिदिन ५ सयदेखि ११ सय सिलिण्डर मात्र बजारमा पठाउने गरेको छ। करिव एक महिनादेखि फ्याक्ट्रीले आधाभन्दा कम ग्यास उत्पादन गरिरहेको कर्मचारी लय सुवेदीले बताए । उनले मर्मत भइरहेका कारण उत्पादन घट्दा फ्याक्ट्री , डिलर र उपभोक्तालाई नै समस्या भइरहेको जानकारी दिए । नयाँ प्लान्ट राख्ने क्रममा उत्पादनमा समस्या आएको उद्योगका संचालक महावीर अग्रवालले बताए । उनले अबको १०-१५ दिनमा साविक परिमाणमा ग्यास उत्पादन हुने जानकारी दिए ।

उपभोक्ताहरुले ग्यास नपाएपछि बिर्तामोडस्थित भद्रपुर रोडमा रहेको खनाल स्टोरमा बुधवार साँझ विवाद गरेका थिए । विवादलगत्तै पुगेको बिर्तामोड -३ का वडा सदस्य हरि बाँस्कोटासहित प्रहरी टोलीले विवाद साम्य बनाएको थियो । खनाल स्टोरले खातामा नाम लेखाएका उपभोक्ताहरुलाई मात्र दिने भनेपछि विवाद भएको थियो । आफ्ना १२ सय ग्राहक रहेकोमा फ्याक्ट्रीले ४० वटा ग्यास मात्र पठाएपछि बितरणमा समस्या आएको खनाल स्टोरका संचालक श्री खनालले बताए । उनले साविकरुपमा आपूर्ति नभएसम्म समस्या रहिरहने बताए ।

झापामा चारवटा ग्यास उद्योग रहेका छन् । जसमध्ये धेरैले प्रयोग गर्ने मेची ग्यास हो । मेचीसंगै जिल्लामा त्रिशक्ति/पराजुली , कनकाई र पाथीभरा ग्यास संचालित छन् । त्रिशक्ति/पराजुली ग्यास भद्रपुर , कनकाई ग्यास उद्योग गौरादह र पाथीभरा ग्यास विर्तामोड-२, चारपानेमा रहेको छ । झापाको जनसंख्यालाई हेर्ने हो भने ४ वटा ग्यास उद्योग अत्यधिक भएको विज्ञ बताउँछन् ।विज्ञहरुले जनसंख्याको आधारणमा ग्यास उद्योगको संख्या धेरै भएको बताएपनि झापामा अन्य विभिन्न जिल्लाबाट ग्यासका सिलिण्डर भित्रने गरेका छन् ।

झापामा मोरङको कोशी र रिजाल ग्यास, सुनसरीको प्रिमा र सुविधा ग्यास खपत हुने गरेको छ । झापाका ४ वटा ग्यास उद्योगमा तयार गरिएको सिलिण्डर झापासहित मोरङ, सुनसरी र पूर्वी पहाडी जिल्लाहरु इलाम, पाँचथर, खोटाङलगायतमा खपत हुँदै आएको छ ।

डा. प्रेम ब. शाही, MS, FISS
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

डा. दिपायन पाण्डे, MD
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

डा. आलोक झा, MD
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

डा. केशव कु. मण्डल, MD
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

डा. अच्युत भक्त आचार्य, MD, DM
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

डा. विवेक कट्टेल, MD, FRCI
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

डा. निशान भुर्तेल, MD, DM
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
जिवनरक्षा बिर्तामोड
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

डा. धर्मागत भट्टराई, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

डा. उत्कर्ष कार्की, MD, DM
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

डा. सन्तोष मिश्र, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरूदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

डा. दिलिप न्यौपाने, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
वरिष्ठ विशेषज्ञ - मेरूदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

डा. पुरूषोत्तम पराजुली, MS, MCh
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

डा. अपार पोखरेल, MS, FIPE
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

डा. हरिशंकर प्र. यादव, MD, FIEM
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# राजावादीद्वारा अनिश्चितकालीन जनआन्दोलनको घोषणा

झापा(प्रस) । राजावादी समूहले यही जेठ १५ गतेदेखि राजसंस्था पुनःस्थापनाका लागि भन्दै अनिश्चितकालीन आन्दोलन गर्ने घोषणा गरेका छन् ।

बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच राजसंस्था पुनःस्थापनाका लागि भन्दै बनाइएको संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीले 'सशक्त जनदबाब सिर्जना गर्न जेठ १५ गतेदेखि अनिश्चितकालीन जनआन्दोलन गर्ने' घोषणा गरेका हुन् ।



आन्दोलनको संयोजन सुवेदी नेतृत्वको समितिमार्फत नै हुने पनि बताइएको छ । संयोजक सुवेदीले उक्त आन्दोलन शान्तिपूर्ण हुने बताए ।

त्यस्तै आन्दोलनको स्वरूप भद्र अवज्ञा र सत्याग्रह हुने पनि उनले बताए । उनले भने, 'हाम्रो आन्दोलन कुनै दल वा सरकारका विरुद्ध होइन । निरकुंशता र सर्वसत्तावादको अन्त्य गरी तथा जनतामा निहित सार्वभौमसत्ता र जनताको निर्णायिकत्वलाई थप सुदृढ तुल्याई जनतालाई व्यवहारिक रूपमा देशको मालिक भएको अनुभूति दिलाउनु आन्दोलनको मुख्य ध्येय हुनेछ ।'

# मोबाइल चार्ज गर्दा करेन्ट लागेर बालकको मृत्यु



झापा(प्रस) । सुनसरीको बराहक्षेत्रमा मोबाइल चार्ज गर्ने क्रममा करेन्ट लागेर बालकको मृत्यु भएको छ । बिहीवार दिउँसो अन्दाजी २:१५ बजे बराहक्षेत्र -१० मंगलबारे बस्ने उमेश राईका छोरा १८ महिनाको उपदेश राईलाई छिमेकी पुष्पमाया मगरको घरमा खेल्ने क्रममा मोवाइल चार्ज गर्ने बोर्डबाट करेन्ट लागेको थियो । घाइते बालकलाई उपचारको लागि बिपी कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान लैजाने क्रममा बाटैमा मृत्यु भएको प्रहरीले जनाएको छ । बालकको शव सोही अस्पतालमा रहेको छ ।

# धान खेतमा डुबेर बालिकाको मृत्यु

झापा(प्रस) । झापाको शिवसताक्षीमा धान खेतमा जमेको पानीमा डुबेर बालिकाको मृत्यु भएको छ । बिहीवार बिहान अन्दाजी ९:३० बजे शिवसताक्षी नगरपालिका वडा नम्बर ८ मनहरा बस्ने लुखिराम टुडूकी १५ महिनाको छोरी रोसिका टुडूको घरनिजकै रहेको खगेन्द्र खड्काको धान खेतमा जमेको पानीमा डुबेर मृत्यु भएको हो । डुबिरहेको अवस्थामा उनकी आमा कल्पना टुडूले देखेर पानीबाट निकाली हेर्दा बालिकाको मृत्यु भइसकेको थियो । घटनाबारे इलाका प्रहरी कार्यालय शिवगंजमा जानकारी प्राप्त हुनासाथ प्रहरी टोली खटिएर थप अनुसन्धान तथा कानूनी प्रकृया गरेको जनाइएको छ ।

# आन्दोलन गर्ने दन्त चिकित्सकहरुको चेतावनी



झापा(प्रस) । मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत "आधारभूत अस्पताल सञ्चालन मापदण्ड २०८१" प्रति झापाका दन्त चिकित्सकहरुले आपत्ति जनाउँदै भोलिसम्म नसच्याए आन्दोलन गर्ने चेतावनी दिएका छन् । देशव्यापी आन्दोलनअन्तर्गत जिल्लाका दन्त चिकित्सकहरुका तर्फबाट नेपाल डेन्टल एसोसिएसन झापाले बिहीवार प्रमुख जिल्ला अधिकारी गोपाल अधिकारीलाई ध्यानाकर्षण पत्र बुझाउँदै वैशाख ८ गते मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत "आधारभूत अस्पताल सञ्चालन मापदण्ड २०८१"मा नेपाली जनताले पाउनुपर्ने आधारभूत स्वास्थ्य उपचारका लागि ५,१० र १५ शैयाको अस्पतालमा दन्त चिकित्सकको दरबन्दी नराख्नु सम्पूर्ण नेपाली जनतालाई अन्यायपूर्ण कदम भएको जनाएको छ । ३ वर्ष अगाडि ५,१० र १५ शैयाको आधारभूत अस्पतालको प्रस्तावित दरबन्दी तेरिजमा दन्त चिकित्सक नराखिएको हुँदा बारम्बार ध्यानाकर्षण गराउने कार्य गरेको जनाउँदै मन्त्रालयका तत्कालीन स्वास्थ्य सचिवले १५ शैयामा दन्त चिकित्सकको दरबन्दी रहेको र स्वास्थ्य मन्त्रालयका प्रवक्ताले समेत रिपोर्टर्स क्लबको कार्यक्रममा १५ शैयाको अस्पतालमा दन्त चिकित्सकको दरबन्दीको लागि नेपाल सरकार सकारात्मक समेत रहेको जानकारी दिएको स्मरण गराइएको छ ।

दन्त चिकित्सक नेपालमा ६ हजार उत्पादन भएको तर, स्थाई दरबन्दी सयजना पनि नरहेको अवस्थामा १५ शैया अस्पतालमा समेत दन्त चिकित्सकको दरबन्दी नराख्दा नेपाली नागरिकलाई सरकारले नै भेदभाव गरेको आभास भएको जनाइएको छ । यो निर्णयलाई वैशाख २६ गते शुक्रबारसम्म सच्याउन अल्टिमेटम दिँदै अन्यथा नेपाल डेन्टल एसोसिएसन देशव्यापी रुपमा आन्दोलन गर्न बाध्य हुने चेतावनी दिइएको छ । नेपाल डेन्टल एसोसिएसन झापाका अध्यक्ष डा मुकेशकुमार शाह, महासचिव डा अक्कल गुरुधामीलगायतले प्रमुख जिल्ला अधिकारीमार्फत सो ध्यानाकर्षण पत्र बुझाएका थिए । साथै जिल्लाको डेन्टल क्षेत्र र डेन्टल चिकित्सकहरुको समस्याका बारेमा प्रजिअ अधिकारीलाई जानकारी गराइएको अध्यक्ष शाहले जानकारी दिएका छन् ।

# दहिझोडा वनबाट अवैध काठ बरामद

झापा(प्रस)। झापाको अर्जुनधारा-४ स्थित दहिझोडा वनबाट १२ लाख बढीको अवैध काठ बरामद भएको छ । बिहीवार दिउँसो ३.३० बजे दहिझोडा सामुदायिक वनको खुड्किलो भन्ने स्थानमा लुकाई छिपाई राखेको अन्दाजी मूल्य रु.१२ लाख २५ हजार बराबरको अन्दाजी ३५० क्यु. फिट साल जातको गोलिया काठ बरामद भएको हो ।



सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हेडक्वाटर झापा मातहत सुरक्षा बेश खुदुनाबारीबाट सशस्त्र प्रहरी नायब निरीक्षक भानुभक्त बि.क.को कमाण्डमा ५ जना, कन्काई सब डिभिजन कार्यालय सुरुङ्गा र दहिझोडा सामुदायिक वन उपभोक्ता समितिको संयुक्त टोलीले सो काठ बरामद गरी आवश्यक कार्बाहीको लागि दहिझोडा सामुदायिक वन उपभोक्ता समितिको कार्यालयमा बुझाएको सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हेक्वा झापाका निमित्त गणपति एवं सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक सुमन पोखेलले जानकारी दिएका छन् ।


## विमालेख हरायो

**एल.आइ.सी. कम्पनीको पोलिसी न.६०००००५० को पोलिसी पेपर झापा बजारदेखि विर्तामोड जाने क्रममा २०८२ बैशाख १० गते हराएको हुँदा भेट्नु हुने महानुभावले तलको फोन नम्वर वा नजिकैको प्रहरी कार्यालयमा वुझाई दिनुहुन अनुरोध गरिन्छ ।**

**नाम :- शंकर कुमार कोच**

**ठेगाना :- झापा गाउँपालिका ०२ ( नरिवलटोल ) झापा**

**मोवाईल नं. ९८०१४२१२२१**



## सहारा नेपाल (साकोस) लि.

मुल कार्यालय,बिर्तामोड न.पा.-२ चारपाने

## पुराना सामान बिक्री सम्बन्धी बोलपत्र आव्हान

प्रथम पटक प्रकाशित मिति : २०८२/०१/२६

यस सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.मुल कार्यालय,बिर्तामोड-२, चारपाने, झापामा रहेका पुराना सामान बिक्री गर्नु पर्ने भएको हुदा इच्छुक ब्यक्ति,फर्म/संस्था वा कम्पनीबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । बोलपत्र पेश गर्ने अन्तिम दिन कार्यालय बिदा भएमा त्यसको भोली पल्ट पेश गर्न सकिने छ ।

**बिक्री गरिने सामानहरुको विवरण** : पुराना ब्याट्री, स्क्यानर,स्टेपलाईजर, इन्भटर, यु.पि.एस., कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन र फलाम टुक्रा तथा अन्य सामानहरु :

**सामान बिक्री गर्ने न्युनतम दररेट सम्बन्धि विवरण :**

**अन्य व्यवस्थाहरु :**

१) बोलपत्र ब्यक्ति, संघ, संस्था ,कम्पनी वा फर्मले पेश गर्न सकिनेछ ।

२) व्यक्तिले हस्त लिमित निवेदन वा फर्मको लेटर प्याडमा बोलपत्र प्रस्तुत गरिएको निवेदन लेख्नु पर्नेछ ।

३) बोलपत्र पेश गर्दा रु ५०००।- (अक्षरेपी : पाँच हजार मात्र) धरौटी रकम यस संस्थाको एक्सेल डेभलपमेन्ट बैंक, बिर्तामोड शाखा कार्यालयमा रहेको खाता नम्बर ००१००२००००३६६७००००२ जम्मा गरि उक्त भौचरको सक्कल प्रति संस्थामा बुझाउनु पर्नेछ

४) सबै भन्दा बढी रकम कबोल गर्नेलाई उक्त सामानहरु उपलब्ध गराईनेछ, अन्यको धरौटी रकम फिर्ता गरिनेछ ।

५) बोलपत्र स्वीकृतबाट सामान प्राप्त गर्ने फर्म वा व्यक्तिले सामानको सम्पूर्ण रकम सम्बन्धित बैंकमा जम्मा गरेको भौचर संस्थामा उपलब्ध गराएपछि मात्र संस्थाले सामान बाहिर लैजानको लागि गेट पास उपलब्ध गराउनेछ ।

६) ब्याट्री तथा अन्य सामान हेर्न चाहानेले यस संस्थाको मुल कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।

७) समय नाघि वा रीत पुरा नगरी प्राप्त भएका बोलपत्रलाई मान्यता दिइने छैन ।

८) काटेशन स्वीकृत गर्ने, नगर्ने, रद्द गर्ने सम्पुर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।

९) बोलपत्र पेश गर्ने फर्म भएमा फर्मको सम्पूर्ण आवश्यक प्रमाण-पत्रहरु बोलपत्रमा संलग्न हुनु पर्नेछ ।

१०) **कोटेशन पेश गर्ने स्थान :**

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.को मुल कार्यालय बिर्तामोड -२, चारपाने, झापा

**सहारा नेपाल (साकोस) लि.**

**मुल कार्यालय,बिर्तामोड न.पा.-२ चारपाने**

फो.न. ०२३-५३११९८, ५३३४०८



## अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## ७ दिने सूचना

सधियार पूर्व : श्री लक्ष्मी बस्नेत क्षेत्री पश्चिमः श्री धनकुमारी कन्दङ्गवा उत्तरः श्री खड्ग थापा दक्षिण : सडकको नाममा जारी गरिएको ।

साविक पाराखोपी गाउँपालिका ८ हाल अर्जुनधारा नगरपालिका, वडा नं. ६ बस्ने श्री तारा बहादुर मगर ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण अभिलेखिकरण गरी पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा-६ | - | २८७८ | ०-०-८ | - | २०८२/१/२५ | २०८२/१/२२ |

( नोटः वैशाख २५ गतेको अंकमा प्रकाशित यस सूचनामा निवेदकको ठेगाना गलत हुन गएकोले सच्याई पुनः प्रकाशित गरिएको । )



## बिर्तामोड नगरपालिकाको

## अत्यन्त जरुरी सूचना

**यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।**

**अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं ।**

**बिर्तामोड नगरपालिका**

नगरपालिकाको कार्यालय, झापा

कोशी प्रदेश, नेपाल



असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

## कर्जा बुझाउने सम्बन्धी १५ दिने सूचना

प्रथमपटक प्रकाशित मितिः २०८२/१/२६

यस संस्थाको बचत तथा ऋण व्यवसाय अन्तरगतको सेवाकेन्द्रसँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| क.सं. | ऋणीको नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/ पत्नी | जग्गाधनीको नाम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| १. | हरिकुमार दियाली | विर्तामोड ६ | चन्द्रबहादुर विश्वकर्मा | मान ब. विश्वकर्मा | मनमाया विश्वकर्मा | हरिकुमार दियाली | विर्तामोड |
| २. | कौशिला ढकाल | विर्तामोड ५ | देवी प्र. ढकाल | नैनन्द ढकाल | रमेश तिवारी | कौशिला ढकाल | विर्तामोड |
| ३. | कुवेर नकर्मी | विर्तामोड ६ | रामगोपाल नकर्मी | किसमान नकर्मी | देवी नकर्मी | कुवेर नकर्मी | विर्तामोड |
| ४. | सुदीप खड्का | अर्जुनधारा ३ | सूर्य बहादुर खड्का | मित्र बहादुर खड्का | | सूर्य बहादुर खड्का | खुदुनावारी |
| ५. | मिना कुमारी राई | अर्जुनधारा ३ | रहर सिंह राई | शेर बहादुर राई | राम प्रसाद राई | मिना कुमारी राई | खुदुनावारी |
| ६. | राजेन्द्र कुमार बुढाथोकी | अर्जुनधारा ३ | कमल प्रसाद बुढाथोकी | मान प्रसाद बुढाथोकी | रमा बुढाथोकी | राजेन्द्र कुमार बुढाथोकी | खुदुनावारी |
| ७. | बद्री नारायाण गुरागाईं | अर्जुनधारा २ | जनकबहादुर गुरागाईं | लाल बहादुर गुरागाईं | खरिमाया गुरागाईं | बद्री नारायण गुरागाईं | खुदुनावारी |
| ८. | पदम मणी श्रेष्ठ | माई न पा २ | याम मणी श्रेष्ठ | चन्द्रमान श्रेष्ठ | रञ्जना श्रेष्ठ | जानुका श्रेष्ठ | दानाबारी |
| ९. | हेम बहादुर लायो मगर | माई न पा ४ | नरबहादुर लाय मगर | पहलमान लाय मगर | अज्युदा कुमारी मगर | नर बहादुर लाय मगर | दानाबारी |
| १०. | अम्बिका चौहान | माई न पा २ | टेकबहादुर भण्डारी | छत्र बहादुर भण्डारी | अरुण कुमार चौहान | माया देवी चौहान | दानाबारी |
| ११. | राजेश कुमार दनुवार | अर्जुनधारा ४ | किशनलाल दनुवार | दशैया दनुवार | सिता दनुवार | किशनलाल दनुवार | शनिश्चरे |
| १२. | शान्ती परियार | अर्जुनधारा ६ | बम बहादुर परियार | पन्ज बहादुर परियार | दल बहादुर ठटाल | गंगा परियार | शनिश्चरे |
| १३. | नर देवी तामाङ | अर्जुनधारा ११ | कर्ण बहादुर तामाङ | भिम बहादुर तामाङ | विर बहादुर तामाङ | देवी माया तामाङ | शनिश्चरे |
| १४. | देवाशिस चक्रवती | अर्जुनधारा ८ | छविरन्जन चक्रवर्ती | हरिपद चक्रवर्ती | | धनन्जय चक्रवर्ती, देवाशिस चक्रवर्ती | शनिश्चरे |
| १५. | उद्धब बुढाथोकी | अर्जुनधारा ५ | पदम बहादुर बुढाथोकी | हरि बहादुर बुढाथोकी | रेविका पाण्डे | उद्धब बुढाथोकी | शनिश्चरे |
| १६. | उत्तम राज मल्ल | अर्जुनधारा ७ | दिप बहादुर मल्ल | अमृत बहादुर मल्ल | अमृत मल्ल | उत्तम राज मल्ल | शनिश्चरे |
| १७. | पहलमान श्रेष्ठ | विर्तामोड-१० | दिल बहादुर श्रेष्ठ | लिला नारायण श्रेष्ठ | राम माया श्रेष्ठ | पहलमान श्रेष्ठ | सैनिकबजार |
| १८. | गिता दर्जी | विर्तामोड-१० | केशर बहादुर दर्जी | राम दर्जी | प्रेम बहादुर दर्जी | गिता दर्जी | सैनिकबजार |
| १९. | दिलमाया नेम्वाङ | विर्तामोड-१० | नर बहादुर नेम्वाङ | बम बहादुर नेम्वाङ | लैन कुमार शेर्मा | दिलमाया नेम्वाङ | सैनिकबजार |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**

बिर्ता-अर्जुन क्षेत्रीय उपसमिति


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# भाइचारा आवश्यक

भारत र पाकिस्तानबिचको दुश्मनी यी मुलुकको निर्माणदेखि नै छ। एउटा देशमा बेलुन पड्कदा पनि अर्को देशप्रति शंका गर्ने परिपाटी यी दुवै देशका लागि सामान्य भइसकेका छन्। त्यति मात्र हैन, मुलुकभित्रै चुनाव जित्न होस् या अन्य दलभन्दा राष्ट्रवादी देखिन भारतले पाकिस्तानलाई र पाकिस्तानले भारतलाई गाली गर्ने क्रम पनि उहिल्यैदेखिको हो। यस्तो अवस्थामा एकले अर्को देशलाई लगाउने आरोप र गर्ने आक्रमण तथा प्रत्याक्रमण दुवै देशका शासकका लागि बहादुरी ठहरिने गरेको छ।

यतिबेला इजरायलले प्यालेस्टाइनमाथि आक्रमण मात्र गरिरहेको छैन, पुरै देश कब्जामा लिने घोषणा नै गरेको छ। उता अमेरिकाले यमनका हुथी विद्रोही सिध्याउने बहानामा आक्रमण जारी राखेको छ। इजरायल र इरानबीच कुनबेला हानाहान हुने हो, कुनै टुंगो छैन। अमेरिका र क्युबाबीच उस्तै तनाव छ। रुस र युक्रेनबीचको युद्ध त झन् झन् खराब स्थितिबाट गुज्रदै गरेको सर्वविदितै छ। अर्कोतर्फ अमेरिकामा डोनाल्ड ट्रम्प दोस्रो कार्यकालका लागि राष्ट्रपतिमा चुनिएसँगै क्यानडा, मेक्सिकोजस्ता धेरै देशसँग घम्साघम्सी परिरहेको छ। विशेषगरी दुई शक्ति राष्ट्र अमेरिका र चीनबीच चुलिएको व्यापार युद्धले पनि कतै न कतै विश्व अशान्तिलाई नै सघाइरहेको छ।

विश्व यतिखेर गरिब र धनी, विकसित र अविकसित, सम्पन्न र विपन्न, सुगम र दुर्गम, शिक्षित र अशिक्षित जस्ता विभिन्न ध्रुवमा विभाजित छ। विशेषगरी पश्चिमा देशहरू विज्ञान र प्रविधिको चरम आनन्दानुभूति गरिरहेका छन्, मानौँ अब उनीहरूका लागि चुम्न बाँकी नै केही छैन। तर बिर्सन नहुने कुराचाहिँ यो छ कि यो उपलब्धि हासिल हुन सयौँ वर्ष लागेको छ। हजारौँको रोजीरोटी खोसिएको छ र लाखौँको रगत पसिना सिँचिएको छ। त्यसैले आज आफूलाई सम्पन्न भन्नेहरूले चुमिरहेका आनन्दको जगमा धेरैको भूमिका छ।

त्यसैले अबको चुनौती भनेको यी विश्वव्यापी उपलब्धि जोगाउने हो। प्रकृतिप्रदत्त सुविधाहरूको अत्यधिक उपयोग गर्दै भावी पुस्ताका लागि पनि यसको संरक्षण गर्नु हो। अहिले विकराल समस्याका रूपमा देखिएको जलवायु परिवर्तन जस्ता विषयको सामना गरेर अघि बढ्ने हो। यस्ता कार्यका लागि यतिबेला मिलिजुली अत्यावश्यक छ। अहिले हामीले भोगिरहेको विषम परिस्थितिबाट मुक्तिका लागि भाइचारा सबैभन्दा बढी आवश्यक भएको बेला हो। यस्तो बेलामा सबैको सामूहिक सहकार्य आवश्यक हुन्छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# समावेशी गणतन्त्रले ल्याएको परिवर्तन



• श्रीमन नारायण

संघीय लोकतान्त्रिक गणतन्त्रलाई विश्वको सर्वोत्तम शासन प्रणाली मानिन्छ । जननिर्वाचित संविधान सभाको दुई तिहाइभन्दा पनि बढी सदस्यको सहयोग, समर्थन र सहमतिबाट जारी भएको नेपालको संविधानको स्वीकार्यता, मान्यता र वैधता सर्वोपरि छ । वर्तमान संविधानकै विशेषता हो कि देशका महिला, आदिवासी, जनजाति, मधेशीलगायत आर्थिक, सामाजिक र राजनीतिक रूपले पछाडि परेकाहरूलाई पनि शासन सत्ताको सञ्चालनमा सम्मानजनक सहभागिता गराइएको छ । वर्तमान संविधानमा समावेशिताको जुन प्रावधान राखिएको छ, यसले गर्दा सबै क्षेत्रमा उपरोक्त वर्गको प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ । नीति निर्माणको ठाउँमा सबैको पहुँच सम्भव भएको छ तर निरङ्कुश पञ्चायती शासनमा सत्ताको बागडोर सम्हालेका र सत्ताका वरिपरि रहेर आफ्नो निहित स्वार्थपूर्ति गर्न सफल भएकालाई यो परिवर्तन पच्न सकिरहेको छैन । यथास्थितिवादमा नै सबै समस्याको समाधान हेर्न चाहनेहरू यथार्थमा आफ्नो अतृप्त सत्ता लिप्सालाई पूरा गर्न वर्तमान शासन प्रणालीका केही प्राविधिक कमीकमजोरीलाई अतिरिञ्जित रूपमा प्रस्तुत गरी जनतामा भ्रम फैलाउने असफल प्रयास गरिरहेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रको शीतल छहारीमा आनन्दको अनुभूति गरिरहेका नेपाली जनता अब प्रतिगमनलाई कहिल्यै समर्थन गर्ने छैनन् ।

लोकतान्त्रिक शासन प्रणालीमा संविधानद्वारा प्राप्त अधिकारको उपयोग गर्नु सबैको हक हो । यस अन्तर्गत नै सरकार तथा राजनीतिक दलहरूको आलोचना गर्ने अधिकार पनि सबैलाई प्राप्त छ तर संघीयता, लोकतान्त्रिक गणतन्त्र एवं समावेशिता जस्तो वर्तमान संविधानको सुन्दरतम विशेषता माथि कसैले प्रहार गर्न खोज्छ भने त्यसको रक्षा गर्न तथ्य तर्क र विधिसम्मत तरिकाले अगाडि आउनु देशका जिम्मेवार नागरिकको कर्तव्य हुन जान्छ । आवश्यकता र औचित्यको आधारमा संविधानमा संशोधन पनि गर्न सकिन्छ । वर्तमान गठबन्धन सरकार पनि संविधान संशोधनको सवालमा सकारात्मक नै देखिन्छ तर हजारौँ नेपालीको बलिदान त्याग, समर्पण र अथक प्रयत्नबाट प्राप्त सङ्घीयता एवं लोकतान्त्रिक गणतन्त्रविपरीत कसैले अन्यथा सोच्छ भने त्यो स्वीकार्य हुन सक्दैन । विसं २००७ मा १०४ वर्षीय निरङ्कुश राणा शासनको अन्त्य गरी देशमा प्रजातन्त्रको स्थापना भएको थियो ।

विसं २०१७ मा तत्कालीन राजा महेन्द्रले लोकतन्त्रको घाँटी रेटी देशमा निरङ्कुश पञ्चायती शासन लागु गरे । तीन दशकपश्चात् देशमा प्रजातन्त्रको पुनर्स्थापना भयो फेरि २०५९ सालमा तत्कालीन राजा ज्ञानेन्द्रले लोकतन्त्रलाई समाप्त गरी देशमा निरङ्कुश शाही शासन लागु गरे । विगत १८ वर्षदेखि देशमा संघीय लोकतान्त्रिक गणतन्त्र छ अब फेरि पनि देशमा निरङ्कुशता लाद्ने तथा शासनसत्ता आफ्नो हात्तमा लिने महत्वाकांक्षासहित पूर्वराजाले आफ्ना समर्थकलाई सडकमा उतारेका छन् । पञ्चायतमा देशको विकास भएको सम्बन्धी गलत भाष्य निर्माण गरिँदै छ । पञ्चायती व्यवस्थामा पनि देशको विकास भारत, सोभियत संघ, चीन, अमेरिका, जापान र बेलायत जस्ता मित्रराष्ट्रको अनुदान सहयोगबाट नै भएको थियो । त्यतिबेला पूरै विश्वले आत्मसात् गरेको आर्थिक नीतिमा अनुदान सहयोगको प्रधानता हुने गर्दथ्यो । अहिले पूरै विश्वमा आर्थिक उदारवाद तथा निजीकरणको नीतिले मह⎕व पाएको छ । विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष र एसियाली विकास बैङ्कले निर्धारण गरेको मापदण्ड र निर्देशन विपरीत कुनै पनि देश स्वतन्त्र आर्थिक नीति लागु गर्न सक्दैन । नेपाल पनि यसबाट अपवाद रहने कुरा भएन । निजीकरणको विरोधमा हामी जान सक्दैनौँ सायद त्यही भएर होला पुँजीवादको विरोध गर्ने नेकपा (माओवादी केन्द्र) पटक पटक सत्तामा आउँदा पनि पुँजीवादी अर्थ व्यवस्थाको विरोध गर्न सकेन । उल्टै यस पार्टीकै कतिपय नेतामाथि थुप्रै निजी पुँजी बनाएको आरोप पनि लागेको देखियो ।

विसं २०४९ अघिसम्म देको कुल गार्हस्थ उत्पादन ३.३ खर्ब मात्रै थियो । विगत ३५ वर्षमा यो ५३.८ खर्ब पुगेको छ । प्रतिव्यक्ति आय १८५ डलरबाट अहिले यो एक हजार ४१० डलर पुगेको छ । पञ्चायत कालमा गरिबी ४९ प्रतिशतसम्म थियो भने अहिले यो १५.६ प्रतिशत मात्रै छ । सडक सञ्जाल पञ्चायती व्यवस्थाको अन्त्यसम्ममा सात हजार ३३० किलोमिटर मात्रै थियो भने अहिले यो ९८ हजार ७०० किलोमिटरसम्म पुगेको छ । सञ्चार सुविधा वितरण ७१ हजार सेट मात्रै थियो भने अहिले यो ३.५ करोडसम्म पुगेको छ । प्रत्येक व्यक्तिको हातमा मोबाइल छ, कतिपयले त दुई/तीन वटा मोबाइलसमेत बोक्ने गरेका छन् । पञ्चायती व्यवस्थाको अन्त्यसम्म ८.८ प्रतिशत घरधुरीसम्म मात्रै बिजुली सुविधा थिए भने अहिले ९५ प्रतिशत घरधुरीसम्म पुगेको छ ।

बहुदलीय व्यवस्थाको पुनर्स्थापना हुनुभन्दा अघिसम्म २२७ मेगावाट विद्युत्को मात्रै उत्पादन हुने गर्दथ्यो भने अहिले तीन हजार मेगावाट निर्माण भइरहेको छ । पहिले ४० प्रतिशत जनतासम्म मात्रै पिउने पानीको सुविधा थियो, अहिले यो ९५ प्रतिशत पुगेको छ । पञ्चायती व्यवस्थामा नेपालीको औसत आयु ५४ वर्ष मात्रै थियो, अहिले आएर ७१ वर्ष पुगेको छ । शिशु मृत्युदर प्रति एक हजार १२८ थियो, अहिले एक हजारमा २१ छ । शिक्षा क्षेत्रमा व्यापक प्रगति भएको छ । प्राथमिक विद्यालय आधार भूत विद्यालय, माध्यमिक विद्यालय, उच्च माध्यमिक विद्यालय, प्राविधिक विद्यालय, इन्जिनियरिङ र मेडिकल पढाइका क्याम्पस थुप्रै संख्यामा खुलेका छन् । उच्च माध्यमिक र क्याम्पस शिक्षासम्म सबैको पहुँच सहज भएको छ । बहुदलीय व्यवस्थाको पुनर्स्थापना हुनुभन्दा अघिसम्म देशमा एक हजार जति एमबिबिएस डाक्टर मात्रै थिए । अहिले यो संख्या ४० हजारको हाराहारीमा छ ।

एघार हजार जति त विशेषज्ञ डाक्टर हुन् । ८.६७ जनघनत्वको आधारमा यहाँ डाक्टर छन् । विश्वका धेरै देशभन्दा राम्रो स्वास्थ्य अवस्था हाम्रो देशमा छ । मुटु, मिर्गौला, लिभर र अन्य गम्भीर प्रकृतिका रोगको उपचारमा सरकारले सहायता उपलब्ध गराइरहेको छ । निःशुल्क डायलासिस सुविधा प्राप्त छ । डाक्टर र उपचारको अभावमा नागरिकले ज्यान गुमाउनुपर्ने अवस्था छैन । मृत्यु त शाश्वत सत्य हो, अमरत्व कसैलाई प्राप्त त छैन तर सरकार भने आफ्नो नागरिकको स्वास्थ्य उपचारप्रति सचेत देखिन्छ ।

सरकारले सामाजिक कल्याणको क्षेत्रमा विधवा, एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका समेतलाई मासिक भत्ता उपलब्ध गराइरहेको छ । जसले गर्दा तिनीहरूमा बढी दिनसम्म बाँच्ने अवस्था जागेको छ । बुढेसकालमा छोरा छोरीले हेरचाह नगरे पनि कोही भोकै मर्ने छैनन् । दीर्घरोगका कतिपय औषधी गाउँकै स्वास्थ्य चौकीमा उपलब्ध भइरहेका छन् । गणतन्त्रको १६ वर्षमा सडक, शिक्षा, यातायात, सञ्चार र उद्योगको क्षेत्रमा पनि धेरै काम भएका छन् । जनताका छोराछोरी पनि अब केवल सरकार प्रमुख मात्रै होइन राष्ट्रपति पनि बन्न सकिरहेका छन् । मधेशी, महिला, जनजाति र सामान्य वर्गबाट पनि राष्ट्रपति एवं उपराष्ट्रपति जस्तो गरिमामय पदमा आसीन हुनु गणतन्त्रको विशेषता हो । यो केवल लोकतान्त्रिक गणतन्त्रमा मात्रै सम्भव हुन सक्छ । जनतालाई मौलिक अधिकार प्राप्त छ । मानव अधिकारको रक्षालाई सुनिश्चित पारिएको छ । पूर्ण प्रेस स्वतन्त्रता छ । लोकतन्त्रमा आफूलाई मन परेको नेतालाई चुनावमा जिताउने र मन नपरेकालाई पराजित गर्ने अधिकार पनि जनतालाई प्राप्त छ । भूतपूर्व प्रधानमन्त्री पनि निर्वाचनमा पराजित भएका छन् ।

विसं २०६१ मा राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नो हातमा लिदा कसरी टेलिफोन, मोबाइल, इन्टरनेट पत्रपत्रिकाहरू पनि केही समयका लागि बन्द भएको थियो, सम्पादकीय सेनाको निर्देशन अनुसार लेखिन्थ्यो र सञ्चार माध्यमको निष्पक्षतामाथि प्रहार हुनुका साथै राजनीतिकर्मीलाई जेलमा राखेर पञ्चायती व्यवस्था लागु गर्ने प्रयास भएको थियो, त्यसलाई बिर्सन सकिँदैन । लोकतन्त्रमा नै प्रत्येक असन्तुष्टिको स्वरलाई सुन्ने र त्यसको सम्बोधन गर्ने काम हुन्छ । संविधानसँग सम्बन्धित विषय भए त्यसमा संशोधन पनि गरिन्छ तर निरङ्कुशतन्त्रमा यो सम्भव छैन । फेरि हजारौँ नेपाली जनताको त्याग, बलिदान, समर्पण र भगीरथ प्रभावबाट प्राप्त लोकतन्त्रलाई प्रतिगमनका निम्ति कसरी बलिदान गर्न सकिन्छ ? संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका निम्ति अपरिहार्य र अपरिवर्तनीय आत्मासरह हो ।

# वित्तीय जिम्मेवारी र बजेट



• गोपीनाथ मैनाली

लामो समयदेखि सार्वजनिक खर्च तथा आम्दानीका क्रियाकलापमा संलग्न पदाधिकारी आफ्नो जिम्मेवारीप्रति उदासीन भएकाले आर्थिक अनुशासन कायम हुन सकेन, समयमा खर्च भएन भन्ने गुनासो रहँदै आएको छ । समय समयमा भएका बजेट तथा आर्थिक कार्यविधि परिवर्तन एवं खर्च प्रक्रियाको सरलीकरणका काम भए पनि वित्तीय जिम्मेवारीमा उदासीनताले निरन्तरता पाउँदै आएको छ । शासन प्रणालीमा भएको परिवर्तनले बजेट अभ्यास तथा कार्यक्रम व्यवस्थापनलाई आमूल परिवर्तन गर्न पुग्यो तर पनि वित्तीय जिम्मेवारी र उत्तरदायित्वको अवस्था त्यसपछि पनि एकदमै कमजोर छ ।

सार्वजनिक वित्तीय क्रियाकलापको उत्तरदायित्व विवेचकका रूपमा रहेको महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनले संघीय, प्रदेश र स्थानीय सरकार एवं सङ्गठित संस्थाको वित्तीय अवस्थामा आमूल सुधार गर्नुपर्ने सन्देश दिएको छ । प्रतिवेदनले जिम्मेवारी, आन्तरिक नियन्त्रण र अनुशासनका नीतिगत पक्षमा रहेका कमजोरीमाथि पनि प्रकाश पारेको छ । बेरुजुलाई जवाफदेहिताको सूचक मान्दा कुल बेरुजु ११८३ अर्ब रुपियाँ पुगेको छ । बेरुजु मात्र वित्तीय जवाफदेहिताको सूचक होइन, यसले खर्च निकायको वित्तीय कारोबारको स्तरलाई मात्र देखाउँछ । यसबाहेक पनि समष्टिगत तहका बजेटरी अनुशासन, विनियोजन सिद्धान्त, विनियोजन न्याय र समष्टिगत उपलब्धिको स्तरले वित्तीय जवाफदेहितालाई देखाइरहेको हुन्छ । सरकारी निकायमा खर्चको गुणस्तर सुधार भएको छैन, सङ्गठित संस्था, संस्थान, समिति जस्ता एक्स्ट्रा बजेटरी निकायमा बेरुजुको आयतन निकै भयावह छ । दृष्टान्तका लागि केही वर्षअघि त्रिभुवन विश्वविद्यालयको बजेट २२ अर्ब रुपियाँ थियो भने क्युमुलेटिभ बेरुजु २८ अर्ब रुपियाँ थियो । यो प्रतिनिधि उदाहरणले वित्तीय जिम्मेवारी निर्वाह गर्ने पक्षमा सङ्गठित संस्थाहरू निकै कमजोर छन् भन्ने देखाउँछ ।

दशक अघिदेखि सार्वजनिक क्रियाकलापमा समष्टिगत तथा सङ्गठन तहको आर्थिक अनुशासन कायम गर्नका लागि कार्यविधि कानुन भएर मात्र पुग्दैन, जवाफदेहिता कानुन पनि चाहिन्छ भन्ने बहस चल्दै आएको थियो । बजेट समीक्षा एवं स्वतन्त्र विश्लेषणमा वित्तीय जवाफदेहिता कानुनले पदाधिकारीलाई जिम्मेवार बनाउन सकिन्छ भन्ने सन्देश यसले दिएको थियो । त्यसो हुँदा जवाफदेहिताको घेरामा मन्त्री, सचिव, कार्यालय प्रमुख र आर्थिक कारोवारमा संलग्न लेखा समूहका कर्मचारीलाई जिम्मेवारीको बोध गराउन सकिन्छ भन्ने अनुमान गरिएको थियो । राजनीतिक कार्यकारीले सही भूमिका निर्वाह गर्न नसक्दा पनि कार्यक्रम कार्यान्वयनमा बाधा पुगेको बुझाइ थियो र केही हदमा यो सही थियो । राजनीतिक कार्यकारिणी र प्रशासकीय पदाधिकारीबिच जिम्मेवारी सन्तुलन आवश्यक थियो । सङ्गठित संस्थाको नेतृत्व राजनीतिक आस्थाका आधारमा चयन हुने भएकाले लेखा उत्तरदायी अधिकृत विभागीय सचिवप्रति जवाफदेही नहुने प्रवृत्ति थियो । यस्ता आवश्यकतालाई सम्बोधन गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ कार्यान्वयनमा आएको छ । यी कानुन कार्यान्वयनमा आएको पाँच वर्ष भइसकेको छ तर वित्तीय जवाफदेहिता र जिम्मेवारीको स्तरमा सुधार आएको छैन । परिणामतः बजेट प्रणाली र सरकारमाथि नै आलोचना हुँदै आएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीले अर्थमन्त्री र राष्ट्रिय योजना आयोगको उपाध्यक्षलाई स्पष्ट रूपमा जवाफदेहिताको घेरामा ल्याएको छ । योजनाको आयोगले बजेट तर्जुमाको प्राविधिक पक्षमा अभ्यास गर्छ । आयोगको भूमिका बजेटलाई राष्ट्रिय प्राथमिकतामा केन्द्रित गरी कार्यान्वयनयोग्य बनाउनुमा छ । स्रोत समितिले बजेटको आकार आकलन गर्दा प्राविधिक आधार लिन सकेको छैन, त्यसैले बजेट वास्तविक बन्न सकेको छैन, राष्ट्रिय गौरवका आयोजनालगायत उच्च प्राथमिकताका कार्यक्रमलाई 'इयरमार्किङ' गर्न सकेको छैन, मध्यकालीन खर्च संरचना र आयोजना बैङ्कलाई बजेट संयन्त्रका रूपमा अभ्यासमा ल्याउन सेकको छैन । प्राविधिक रूपमा हुने बजेट छलफल तथा बजेट कार्यान्वयनको समीक्षा पनि स्तरीय होइन, औपचारिक छ । यसले आयोगको औचित्यमाथि पनि प्रश्न उठाउँदै आएको छ । आयोग र अर्थ मन्त्रालयबिच समन्वय खट्किएको छ । त्यस्तै बजेट नीति तथा स्रोत परिचालनको जिम्मेवारीमा अर्थमन्त्रीको भूमिका प्रभावकारी बनाउन सकिएको छैन । संस्था र पदाधिकारीको औचित्य कामका आधारमा पुष्टि हुने हो । यी दुई पदाधिकारीको भूमिका प्रभावकारी भएपछि मात्र अन्य पदाधिकारीको भूमिका प्रभावकारी हुने हो ।

विषयगत मन्त्रालय/सचिवालय वित्तीय क्रियाकलापलाई सञ्चालन गर्ने महत्वपूर्ण पात्र हुन्, जसको क्रियाशीलता र आचरणले नै बजेट नतिजामा अनुवाद हुन सक्छ । ऐन आउनुअघि मन्त्री/संवैधानिक निकाय प्रमुख वित्तीय जिम्मेवारीमा छुटेका थिए, विषयगत कानुनका आधारमा नीतिगत भूमिका मात्र लिने गर्दथे, त्यो पनि स्वेच्छिक हदमा । अहिले कार्यकारी रूपमा नै उनीहरूलाई जिम्मेवार बनाएको छ । मन्त्री तथा संवैधानिक निकाय प्रमुखहरू वार्षिक विकास कार्यक्रमको तयारी गर्न लगाउने, आयोजना छनोट गराउने, मध्यकालीन खर्च संरचना तयारी गर्न लगाउन, मन्त्रालयगत बजेट प्रस्तावलाई अन्तिम रूप दिने, बजेट प्रस्ताव गर्ने, बजेट कार्यान्वयन गराउने, कार्यक्रम समीक्षा गर्ने, सरकारी सम्पत्तिको संरक्षण र बजेट समर्पणका जिम्मेवारीमा छन् । त्यस्तै बजेट कार्यक्रम कार्यान्वयनमा सहजीकरणका लागि नीति मार्गदर्शन र अन्तरमन्त्रालय समन्वय पनि उनीहरूको जिम्मेवारी हो । मातहत निकायको गतिविधिको पूर्ण जानकारी र कार्यक्रम, नीति तथा सेवा प्रवाहको जिम्मेवारी पनि उनीहरूले लिनु पर्छ । आफू नेतृत्वको निकायको कार्यसम्पादन हुन सके नसकेको जिम्मेवारी लिने पनि उनीहरूको दायित्व हो ।

मन्त्री/संवैधानिक निकाय प्रमुखपछि सचिवको भूमिका महत्वपूर्ण हुन्छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले उसलाई लेखा उत्तरदायी अधिकृतको रूपमा लिएको छ, जस अनुसार बजेट तयारीको प्राविधिक नेतृत्व गर्ने, बजेट प्रस्तुति र छलफल, स्वीकृत बजेटको कार्यान्वयन तयारी, समयबद्ध उपलब्धि सूचक सहित कार्यतालिका स्वीकृति, कार्यसम्पादन करार, कार्यान्वयनको अनुगमन, रेखदेख, नियन्त्रण गर्ने काम पर्छन् । सचिवले मातहत सङ्गठित संस्था, बोर्ड, समितिमा वित्तीय जिम्मेवारी रेखदेखको पनि जिम्मेवारी लिनु पर्छ । अहिले पनि सचिवहरूले आफू मातहतका सङ्गठित संस्था प्रमुखलाई जिम्मेवारीवोध गराउन सकेका छैनन्, जस्तो कि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिवले विश्वविद्यालयलाई, ऊर्जा सचिवले नेपाल विद्युत् प्राधिकरण र वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रलाई जिम्मेवार बनाउन सकेका छैनन् । मातहत निकायमा हुने खर्च क्रियाकलापको लेखा, आन्तरिक लेखा परीक्षण, आन्तरिक नियन्त्रण गर्ने जिम्मेवारीमा पनि ऊ रहन्छ । आवश्यकता अनुरूप कार्यक्रम संशोधन र खर्च हुन नसक्ने बजेट समर्पण गरी सरकारको कोष व्यवस्थापनमा सहयोग पुऱ्याउने दायित्व पनि सचिवमै छ । आर्थिक वर्ष बितेपछि वित्तीय विवरण तयारी गरी सर्वोच्च लेखा परीक्षण निकायबाट आफ्नो वित्तीय जवाफदेहिताको मूल्याङ्कनको आधार दिने काम पनि लेखा उत्तरदायी अधिकृतको हैसियतमा सम्बन्धित सचिवको हो । प्रशासकीय नेतृत्व लिने पदाधिकारीको हैसियतमा मन्त्री, मन्त्रीपरिषद् सचिवालय, महालेखा नियन्त्रक कार्यालय, महालेखा परीक्षक कार्यालय, योजना आयोग, अर्थमन्त्रालय, सार्वजनिक लेखा समितिलगायत अन्य संसदीय समितिसँग समन्वय गर्ने काम पनि सचिवले नै गर्नु पर्छ । यी आधारबाट सचिव वित्तीय जिम्मेवारी र जवाफदेहिताको मियो हो । सचिवहरू यी जिम्मेवारी र जवाफदेहिता निर्वाहका लागि व्यावसायिक क्षमता र सदाचारिता दुवै पक्षमा खरो उत्रिन सकेका छैनन् ।

संसद्बाट पारित बजेट तथा कार्यक्रम कार्यान्वयनमा सचिवको वित्तीय जवाफदेहितालाई समृद्ध बनाउन जिम्मेवार व्यक्ति र लेखा प्रमुखहरूको कार्यजिम्मेवारी कानुनमा स्पष्ट तोकिएको छ भने आर्थिक जिम्मेवारी र जवाफदेहिता प्रवर्धनका लागि क्रियाकलायमा आधारित लेखा प्रणाली, एकल खाता भुक्तानी प्रणाली जस्ता सिस्टम एप्लिकेसनले खर्चको गुणस्तर बढाउन पूर्वपरीक्षणको पनि खोलेको छ ।

कानुनी प्रावधान, सुधारिएको लेखा सार्वजनिक वित्त व्यवस्थापन प्रणाली र प्रणालीलाई सहयोग पुऱ्याउने सिस्टम एप्लिकेसनका वाबजुद पनि वित्तीय क्रियाकलापको स्तर पूर्ण छैन । अख्तियारी, आयोजना स्वीकृति र निकासा प्रणालीमा सुधार गरिँदा पनि समयमै खरिद व्यवस्थापन हुने गरेको छैन । कानुन कार्यान्वयन गर्न दायित्वमा पनि पदाधिकारीहरू सबल देखिन नसके अन्य कुरामा उसको अग्रसरता देखिन्छ भन्ने कसरी विश्वास गर्ने ? त्यसैले नेपालमा संचनागत पक्षभन्दा व्यवहारजन्य पक्षमा सुधारको खाँचो देखिएको छ । यो कुरा मन्त्री र सचिवको कार्यजिम्मेवारी निर्वाहको असन्तुलनमा पनि देखिने गरेको छ । विभागीय मन्त्रीहरू नीति व्यवस्थापनबिचको सन्तुलन ल्याउन लालायित देखिदैनन्, कार्यक्रम प्राथमिकताबिचको सन्तुलन पनि देखिएको छैन, सूचना जानकारी र क्रियाकलापको अपनत्व पनि देखिएको छैन भने कार्यप्रणालीको नेतृत्व, अभिभावकत्व र मार्गनिर्देशनमा मन्त्रीहरू सचेत क्रियाशीलतामा छैनन् । त्यसको प्रभाव समस्त प्रणालीमा पर्दै गएको छ । यो असन्तुलनको पक्ष स्थानीय पालिकाहरूमा झनै देखिएको छ । खर्च जिम्मेवारी र जवाफदेहितामा पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको भूमिका बाझिएको छ ।

# सबैभन्दा बढी नयाँ कुष्ठरोगका बिरामीहरु मधेसमा

झापा(प्रस)। नेपालमा सबैभन्दा बढी नयाँ कुष्ठरोगका बिरामीहरु मधेस प्रदेशमा फेला परेका छन् । बिहीबार काठमाडौंमा कुष्ठरोगसम्बन्धी अन्तर र्ष्ट्रिय सम्मेलनका क्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विकास देवकोटाले यस्तो जानकारी गराएका हुन् ।

उनका अनुसार मधेस, लुम्बिनी र कोशी प्रदेशमा क्रमशः रोगको उच्च भार रहेको छ । सबैभन्दा बढी नयाँ कुष्ठरोगका बिरामीहरु मधेस प्रदेशमा देखिएका छन् । मधेस प्रदेशमा कुल केसको एक तिहाईभन्दा बढी रहेका छन् ।

दोस्रो सबैभन्दा बढी केसहरु लुम्बिनी प्रदेशमा रहेका छन् । जहाँ कुल केसको एक चौथाई भन्दा बढी रोगीहरु रहेको सचिव डा. देवकोटाले बताए । आर्थिक वर्ष २०८०/०८१



को अन्त्यसम्म नयाँ फेला परेका २ हजार ४ सय ७२ कुष्ठरोगीहरुमध्ये महिलाको संख्या १ हजार ४२ रहेको बताए । १४ वर्ष मुनिका नयाँ बिरामीको संख्या १ सय ३६ रहेको उनको भनाइ छ ।


उनले भने, ‘कुष्ठरोग निवारणका लागि रोगको प्रकोप दर एकभन्दा कम हुनुपर्छ । यानकी प्रति १० हजार जनसंख्यामा १ जनाभन्दा कम व्यक्ति रोगी रहेको अवस्था हुनुपर्दछ । आर्थिक वर्ष २०८०/०८१ को तथ्यांकलाई विश्लेषण गर्दा कुष्ठरोगको प्रकोप दर राष्ट्रिय तहमा १ भन्दा कम यानि कि ०.९२ प्रतिशत रहेको छ । तर जिल्ला तहको प्रकोप दर हेर्दा ७७ जिल्लामध्ये १८ जिल्लामा १ भन्दा माथि, ४८ जिल्लामा १ भन्दा कम, ११ जिल्लामा कुष्ठरोगका कुनै पनि नयाँ बिरामी फेला परेका छैनन् ।’

सचिव देवकोटाले पहिचान रहेका सबै कुष्ठरोगका बिरामीहरु उपचाररत रहेको बताए । उनका अनुसार कुष्ठरोग निवारणका लागि रोगको प्रकोप दर एकभन्दा कम हुनुपर्छ ।

प्रति १० हजार जनसंख्यामा १ जनाभन्दा कम व्यक्ति रोगी रहेको अवस्था हुनुपर्छ । आर्थिक वर्ष २०८०/०८१ को तथ्यांकलाई विश्लेषण गर्दा कुष्ठरोगको प्रकोप दर राष्ट्रिय तहमा १ भन्दा कम (०.९२ प्रतिशत) रहेको छ ।

तर जिल्ला तहको प्रकोप दर हेर्दा ७७ जिल्लामध्ये १८ जिल्लामा १ भन्दा माथि, ४८ जिल्लामा १ भन्दा कम, ११ जिल्लामा कुष्ठरोगका कुनै पनि नयाँ बिरामी फेला परेका छैनन् । मधेस, लुम्बिनी र कोशी प्रदेशमा क्रमशः रोगको उच्च भार रहेको छ ।

# पढाइ र भर्ना अभियान सँगसँगै अघि बढाउँदै




झापा(प्रस) । विद्यार्थी भर्ना अभियान र पठनपाठन सँगसँगै अघि बढेको छ । सरकारले वैशाख २ गतेदेखि १५ गतेसम्म विद्यार्थी भर्ना अभियान सञ्चालन गरेको थियो । तर, सोही समयमा शिक्षकहरूले शैक्षिक हड्तालसँगै सडक आन्दोलन गरेपछि विद्यार्थी भर्ना अभियान प्रभावित बनेको थियो ।

आन्दोलनरत शिक्षकहरूसँग सरकारले वैशाख १७ गते ९ बुँदे सहमति गरेपछि आन्दोलनका कार्यक्रम स्थगित गरेर शिक्षकहरूले पठनपाठन र विद्यार्थी भर्ना अभियान सहभागी भएका थिए ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक राम प्रसाद शर्माले पठनपाठन र विद्यार्थी भर्ना अभियान सँगसँगै अघि बढेको बताए ।नयाँ शैक्षिक सत्रमा पठनपाठनको कार्य अघि बढेपछि सरकारले पठनपाठन र विद्यार्थी भर्ना अभियान सँगसँगै अघि बढाएको हो ।

शिक्षकहरूसँगको सहमितपछि देशभर पठनपाठनसँगै भर्ना अभियान सञ्चालनमा छ । कतिपय पालिका तथा विद्यालयहरूले शिक्षकहरूको आन्दोलनकै क्रममा समेत भर्ना अभियान सञ्चालन गरेका थिए । स्थानीय जनप्रतिनिधि तथा अभिभावकहरूको सहयोगमा विद्यार्थी भर्ना अघि बढेको थियो । भर्ना अभियान सुरु हुन नसकेका विद्यालयहरूले अहिले पढाइ र भर्ना अभियान सँगसँगै अघि बढाएका हुन् ।

# माइतीघरमा लघुवित्त पीडितहरूको प्रदर्शन

झापा(प्रस) । लघुवित्त पीडितहरूले माइतीघर मण्डलामा प्रदर्शन गरेका छन् । विभिन्न जिल्लाबाट काठमाडौँ गएका लघुवित्त पीडितको आन्दोलन सुरु भएको १ महिना १० दिन भइसक्दा पनि सरकारले पहिला गरेका सम्झौता पुरा गर्न नसकेको भन्दै बिहीबार उनीहरूले प्रदर्शन गरेका हुन् । सरकार र सहकारी तथा लघुवित्त संघर्ष समितिबिच भएको सहमति कार्यान्वयन नभएको भन्दै उनीहरू चैतमा काठमाडौँ आएका थिए ।

सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियान महासंघको अगुवाइमा काठमाडौँमा आन्दोलन सुरु भएको थियो । गत चैतमा सरकार र लघुवित्त संघर्ष समितिबिच



भएको सहमतिमा ऋणीहरूको साँवा ब्याज, शुल्क, जरिवाना, कालोसूची एवं धितो फुकुवा, पीडितको पुनः स्थापना तथा कर्जा भुक्तानी गर्ने कुनै आधार नभएका (घाइते, अपाङ्ग, दीर्घरोगी), वास्तविक पीडितहरूको कर्जा मिनाहालगायतका विषयमा सहमति भएको थियो ।

त्यसबेला भएको सहमतिमा स्थलगत अध्ययन गरी समाधानका विकल्पसहित काम सुरु गरेको ६० दिनभित्र प्रतिवेदन पेस गर्न सम्बन्धित क्षेत्रका विज्ञ र आन्दोलनरत पक्षका तीन जना प्रतिनिधि समेतको सहभागितामा कार्यदल गठन गर्ने र समाधान गर्ने उल्लेख थियो । तर सहमति लत्याउँदै लघुवित्त संस्थाहरूले ऋणीलाई पुनः दबाब दिँदै धितो लिलाम गर्न थालेको भन्दै उनीहरू पुनः आन्दोलनमा उत्रिएका हुन् ।

# गौरवको आयोजनाका लागि छुट्टै कानुन बनाउन जोड

झापा(प्रस) । राष्ट्रिय गौरवको आयोजनाहरूको नियमन तथा व्यवस्थापन गर्न छुट्टै कानुन बनाउनुपर्नेमा सांसदहरूले जोड दिएका छन् । बिहीबार संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा भएको छलफलमा सांसदहरूले यस्तो बताएका छन् ।

समितिमा राष्ट्रिय गौरवका आयोजनाअन्तर्गत कोशी करिडोर,



राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, रेल्वे तथा मेट्रो विकास आयोजना र गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशालाको स्थलगत अनुगमनको प्रतिवेदनमाथि छलफल गर्ने कार्यसूची थियो । जुन प्रतिवेदन फागुन ७ र ८ गते दुई दिन सांसदहरूले स्थलगत अनुगमन गरी तयार पारिएको हो । प्रतिवेदनमा यी चार वटा आयोजनामा देखिएका समस्या र समाधानका लागि गरिनु पर्ने पहलकदमीहरु प्रस्तुत गरिएको छ ।

उक्त प्रतिवेदनमा त्रिदेशीय सडक रहेकाले समयमा निर्माण सम्पन्न गर्नुपर्नेमा बजेट अभावका कारण सम्पन्न हुन नसकेको समस्या पाइएको उल्लेख छ । यस्तै राष्ट्रपति चुरे संरक्षणमा गिटी, बालुवा उत्खनन्, पूर्व पश्चिम रेलमार्गमा झापा, मोरङ लगायतका क्षेत्रमा मुआब्जा वितरण तथा जग्गा कटानमा समस्या, गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशालामा विद्युत् र पानीको अभाव जस्ता कारणले निर्माण कार्य अघि बढ्न नसकेको उल्लेख गरिएको छ ।

सोही प्रतिवेदनमाथि छलफलका क्रममा सांसद उदयबहादुर बोहराले राष्ट्रिय गौरवका आयोजनामा छुट्टै कानुन नहुँदा समस्या भएको तर्क गरे ।

‘राष्ट्रिय गौरवका आयोजना कुन हिसाबले घोषणा गरिन्छ ? किन पर्याप्त बजेट विनियोजन गरिँदैन । मलाई लाग्छ गौरवका आयोजनाका लागि छुट्टै कानुन चाहिन्छ,’ उनले भने ।

उनले राष्ट्रिय गौरवका आयोजना अन्तर्गत पूर्वपश्चिम रेलमार्गमा जग्गा प्राप्ति र मुआब्जा वितरणमा समस्या भएकाले यो आयोजना सुरु हुन अझै १०/१५ वर्ष लाग्ने देखिएको बताए ।

‘अझै १०/१५ वर्षसम्म सुरु हुन्छ जस्तो लाग्दैन । सहरी क्षेत्रको जग्गाको मुआब्जा वितरणमा समस्या छ । राष्ट्रपति चुरे संरक्षणको पनि अवस्था उस्तै छ । जनशक्ति र बजेटको अभाव छ । राष्ट्रिय गौरका कुनै पनि आयोजनाले जुन परिणाम दिनुपर्ने हो त्यो हुन सकेको छैन’, बोहराले भने, ‘राष्ट्रिय गौरवका नाममा बजेट जाने कति सदुपयोग भन्नेमा समस्या छ ।’

सांसद बोहराले क्रिकेट रंगशालामात्रै धेरै निर्माण भएको तर फुटबल लगायतका अन्य खेलको लागि खेल्ने ठाउँ स्थापना गर्नीतिर सरकारले प्रयास नगरेको बताए ।

यस्तै राजेन्द्र लक्ष्मी गैरेले पनि राष्ट्रिय गौरवका आयोजनालाई व्यवस्थित तवरले समयमा निर्माण सम्पन्न गर्न छुट्टै कानुन आवश्यक भएको तर्क गरिन् ।

‘राष्ट्रिय गौरवका आयोजना घोषण गर्ने बजेट पनि छैन । निर्माण काम पनि अघि बढ्न सकेको छैन । व्यवस्थित बनाउन कानुन आवश्यक छ,’ सांसद गैरेले भनिन् ।

# मेचीनगरमा सजीउन खेतीको तयारी

मेचीनगर(प्रस) । बहुउपयोगी वनस्पतिका रुपमा रहेको सजीउन (मोरिङ्गा) खेती मेचीनगरमा सुरु गरिने भएको छ ।

मधुमेह, प्रेसर र अन्य थुप्रै विरामीका लागि औषधिका रुपमा रहेको सजीउन खेती मेचीनगर-९ स्थित थोप्लेविरान सामुदायिक वन आसपास गरिने भएको छ । सजीउन खेतीका लागि थोप्लेविरान महिला कृषि सहकारी संस्थाले किसानहरुसँग मिलेर गर्ने भएका छन् । बिहीवार मेचीनगर नगरपालिका र उक्त संस्थाले थोप्लेविरान सामुदायिक वन उपभोक्ता समूहको सभाहलमा सजीउन खेती गर्न इच्छुक किसानहरुलाई बोलाएर छलफल गरेको छ ।

नगरपालिकाका खाद्य विश्लेषक र कृषि विकास शाखा प्रमुख टेकेन्द्र प्रधानले सजीउन खेती गर्ने तरिका, उत्पादन र यसका फाइदा-वेफाइदा लगायतका विषयमा मसिनो गरी किसानलाई प्रोजेक्टरमार्फत बुझाउने कोशिस गरेका थिए ।

उनीहरुले मलिलो र बलौटे माटो, पानी नजम्ने माटो, ३५ देखि ४८ डिग्री सेल्सियस सम्मको तापक्रम, पाँच फिट सम्मको अग्लो रोहित जातको विरुवा, ४८ घण्टासम्म भिजाउने, १२ दिनमा उम्रने, त्यसको पचास प्रतिशत भाग छहारीमा राख्ने, प्राङ्गारिक मलको प्रयोग, पहिला मल हालेपछि मात्र पानी हाल्ने, हाँगाबाट भन्दा पनि बीउ (दाना) बाट राख्ने, दुईसय मिटरको उचाईमा राख्ने लगायतका विषयमा जानकारी दिइएको छ । तरकारीमा सबभन्दा बढी पौष्टिक तत्व रहेको सजीउनको फलभन्दा पनि पातलाई ध्यान दिन आग्रह गरिएको छ । सुगर र प्रेसर कम गर्न यसले मद्धत गर्छ, गर्भवती महिलाहरुले सेवन गरे वेफाइदा रहेको छ ।

सजीउन अर्थात शितल चिनीका रुपमा पनि चिनिने यो खेतीको सुरुवात भारतको तमिलनाडुबाट भएको हो । दुध र अन्य फलफुल तथा तरकारीभन्दा सजीउनमा १४ गुणा धेरै पौष्टिक तत्व पाइने गरिएको छ । बहुउपयोगी वनस्पतिका रुपमा रहेको सजीउनको फलको तरकारी हुन्छ । फूल पनि खान हुन्छ । जराले सखरखण्ड झैँ खान सकिन्छ । पातले धेरै रोगको औषधिको रुपमा काम गर्छ ।

अन्तरक्रिया कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले औषधिका रुपमा रहेको सजीउनको पातलाई पिठो (डस्ट) बनाएर विदेशमा बिक्री भइरहेको बताए ।

‘पश्चिमतिर यसको खेती मनग्ये छ’, बुढाथोकीले भने-‘त्यहि बुझेर यहाँ खेती गर्न कृषि समितिमा रहेका साथीहरुलाई प्रत्यक्ष अवलोकन गर्न पठाइएको हो । मैले पनि भारतबाटै एक प्याकेट डस्ट मगाएर खाइरहेको छु । कम खर्चमा यसलाई राम्रोसँग मिहिनेत गरे राम्रो आम्दानी हुने छ । उत्पादनलाई बजारीकरण नगरपालिकाले गर्नेछ ।’

केहि दिनअघि मात्र अवलोकन गर्न गएको टोलीले रुपन्देही सैनामैना नगरपालिका-६ का कृषक गोविन्द कँडेलले ६५ विघा क्षेत्रफलमा लगाएको सजीउन खेती प्रत्यक्ष हेरेको थियो ।

टोलीमा नगरपालिका आर्थिक विकास समिति प्रमुख समेत रहेका खाद्य विश्लेषक कार्की, कृषि शाखा प्रमुख प्रधान, आर्थिक विकास समिति सदस्य खेम सुब्बा, थोप्लेविरान सामुदायिक वन उपभोक्ता समूहकी सचिव एवम् सजीउन (मोरिङ्गा) खेती व्यवस्थापन समिति संयोजक जानुका ओली, थोप्लेविरान महिला कृषि सहकारी संस्थाकी अध्यक्ष डम्बरकुमारी श्रेष्ठ, व्यवस्थापक पवित्रा आचार्य, कृषक एवम् समितिका सदस्यहरु इन्द्र पाठक, पुष्पलाद दाहाल, जयप्रसाद दाहाल, छविलाल गौतम लगायत रहेका थिए ।

थोप्लेविरान महिला कृषि सहकारी संस्थाले करिव एक विघा क्षेत्रफलमा सजीउन खेती गर्ने भएको छ । जंगली मल र गडौली मल मिसाएर ३ बाइ ५ को पोलिव्यागमा राखेर तयारी गरिएको छ । सजीउन खेतीका लागि नगरपालिकाले ३ लाख रुपैयाँ बजेट पनि छुट्याएको छ । नगरपालिकाको ८० प्रतिशत र संस्थाको २० प्रतिशत लगानी रहनेछ ।

उक्त संस्थाले कृषक कँडेलकोबाट २ केजी सजीउनको विरुवा ल्याएको छ । २ केजी सजीउनको ६ हजार विरुवा हुन्छ । उक्त विरुवाहरु सजीउन खेती गर्न किसानलाई वितरण गरिने ओलीले जानकारी दिइन् ।

थोप्लेविरान महिला कृषि सहकारी संस्थाकी अध्यक्ष डम्बरकुमारी श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको स्वागत समितिका सदस्य इन्द्र पाठक र सञ्चालन संयोजक जानुका ओलीले गरेका थिए ।

# डीडीसीले किसानलाई दूधको पैसा दिएन : सांसद सापकोटा

झापा(प्रस) । नेकपा (माओवादी केन्द्र) का सांसद माधव सापकोटाले नेपाल दुग्ध विकास संस्थानले किसानले बेचेको दूधको पैसा ५ महिनादेखि नदिएको भन्दै दिने वातावरण निर्माण गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको बिहीवारको बैठकमा शून्य समयमा बोल्दै सांसद सापकोटाले ६ महिनादेखि दूधको पैसा नपाएपछि किसानलाई पशु पाल्न गाह्रो भएको भन्दै रकम भुक्तानीका लागि सरकारको ध्यानाकर्षण गराएका छन् ।


## सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६९३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

**मेष** वाणीमा कुशलता आउने दिन परेको छ । मिल्ने साथीको सुझावले महत्त्वपूर्ण

**वृष** वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । यात्रा गर्ने अवसर पनि जुट्नेछ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।